अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्या : १६ मिति : २०८१।०५।१२

**भाग-२**

**अन्नपूर्ण गाउँपालिका**

## अन्नपूर्ण गाउँपालिकाको
## Tele Teaching कार्यक्रम अन्तर्गत भर्चुअल कक्षा ब्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

**कार्यपालिकाबाट स्वीकृत मिति : २०८१।०५।०६**

**प्रस्तावना :**

अन्नपूर्ण गाउँपालिका अन्तर्गत रहेका सामुदायिक आधारभूत र माध्यमिक तहका विद्यालयको स्वीकृत विषयगत दरबन्दीमा विभिन्न कारणले शिक्षकको पद रिक्त रहन गई विद्यार्थीको दैनिक पठनपाठन प्रभावित भएको अवधिसम्म अर्को ब्यवस्था नहुँदासम्मको लागि गाउँपालिकामा सूचीकृत रोष्टर/विषयगत शिक्षकलाई परिचालन गरी भर्चुअल माध्यमबाट विद्यार्थीको शिक्षण सिकाई कार्यलाई नियमित गराई विषयगत सिकाई उपलब्धि अभिवृद्धि गर्न कार्यविधि निर्माण गरी कार्यसञ्चालन गर्न आवश्यक देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

### परिच्छेद- १ प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम “Tele Teaching कार्यक्रम अन्तर्गत भर्चुलअ कक्षा ब्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१
” हुनेछ ।

**(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई प्रमाणित भएको मितिबाट लागु हुनेछ ।**

२. परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "**सामुदायिक विद्यालय**" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनुपर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले अन्नपूर्ण गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले अन्नपूर्ण गाउँ कार्यपालिकालाई जनाउँदछ ।

(घ) "शाखा" भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ।

(ङ) "छनौट समिति" भन्नाले प्रसुती शिक्षकको सट्टामा शिक्षण गर्न शिक्षक तथा कर्मचारी छनौट गर्ने समितिलाई सम्झनु पर्दछ।

(च) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ ।

(छ) "भर्चुअल कक्षा" भन्नाले एक अनलाइन सिकाइ वातावरणलाई सम्झनु पर्दछ।

(ज) "पिरियड" भन्नाले एक घण्टा नियमित पठनपाठन गराएको अवधि सम्झनु पर्दछ ।

**३. उद्देश्य :**

(१) तत्कालै विषयगत शिक्षकको अभावलाई पूर्ति गरी शैक्षिक क्षति न्युनिकरणमा टेवा पुऱ्याउनु ।

(२) सामुदायिक विद्यालयको विषयगत सिकाई उपलब्धिस्तर अभिबृद्दि गर्नु ।

## परिच्छेद- २

**४. Tele Teaching कार्यक्रम सञ्चालन मापदण्ड र पूर्वाधार :**

शिक्षक पदपूर्तिका लागि सरुवा एवं करार नियुक्तिका लागि कम्तिमा तीन पटकसम्म विज्ञापन गर्दा पनि शिक्षक उपलब्ध हुन नसकेमा, शिक्षक विरामी भई कम्तिमा ३० दिनभन्दा बढि लगातार विदा बस्नुपर्ने भनी चिकित्सक/हस्पिटलबाट सिफारिस भएमा र सम्बन्धि विद्यालयको तल्लो वा माथिल्लो तहमा विषयगत शिक्षक नभई बैकल्पिक ब्यवस्थापन हुन नसकेको अवस्थामा मात्र Tele Teaching कार्यक्रम अन्तर्गत भर्चुअल कक्षा सञ्चालनको लागि सम्बन्धित विद्यालयलाई अनुमति दिइनेछ ।यसरी भर्चुअल कक्षाका लागि अनुमति माग गर्ने विद्यालयले देहाय बमोजिमको पूर्वाधार र मापदण्ड पालना गर्नुपर्नेछ ।

क. भर्चुअल कक्षा सञ्चालनको लागि विद्यालयमा विजुली, इन्टरनेट, ल्यापटप र स्मार्ट बोर्ड वा प्रोजेक्टर जस्ता आइसिटीजन्य पूर्वाधारको व्यवस्था भएको

ख. भर्चुअल कक्षा सञ्चालन र व्यवस्थापनको लागि उपर्युक्त समयतालिका र कक्षाकोठाको ब्यवस्थापन गरेको

ग. भर्चुअल कक्षा सञ्चालन अनुगमन तथा सुपरीवेक्षण सम्बन्धि विद्यालय ब्यवस्थापन समितिको प्रतिवद्दता, माथि उल्लेखित पूर्वाधार बाहेक भर्चुअल कक्षाकोठा प्लेटफर्म लगायत अन्य प्राविधिक सहायता

स्थानीय तहले उपलब्ध गराउनुपर्नेछ ।

**५. भर्चुअल शिक्षकका योग्यता र आचारसंहिताहरुः**

(१) **भर्चुअल शिक्षकका योग्यताः** भर्चुअल कक्षामा अध्यापन गराउने शिक्षकको देहाय बमोजिमको योग्यता हुनुपर्नेछ ।

क. सम्बन्धित विषयको विषयविज्ञको रुपमा स्थानीय तहको विषयविज्ञ/रोष्टर सूचीमा सालवसाली रुपमा सूचीकृत भएको,

ख. सम्बन्धित तह र विषयमा स्थायी शिक्षक

ग. भर्चुअल शिक्षण विधि र नविनतम सूचना प्रविधिसम्बन्धि ज्ञान र सिप भएको

**(२) भर्चुअल कक्षामा अध्यापन गराउने शिक्षकले पालना गर्नुपर्ने आचार संहिताः** शिक्षकले देहाय बमोजिमको आचार संहिता र कानुनलाई पालना पालना गर्नुपर्नेछः

क. शिक्षा नियमावली, २०५९ को नियम १३३ (१) अन्तर्गत तोकिएका विषयहरु,

ख. सरकारी कार्यालयले सामाजिक सञ्चाल प्रयोग गर्ने सम्बन्धी निर्देशिका, २०८०

ग. विद्युतीय कारोबार ऐन, २०६३ र मुलुकी फौजदारी (संहिता) ऐन, २०७४ को दफा १२१ सम्बन्धि विषययहरु

**६.भर्चुलअ कक्षाका लागि शिक्षक ब्यवस्थापन :** भर्चुअल कक्षाका लागि शिक्षकको व्यवस्थापन गर्दा देहाय बमोजिमका न्युनतम प्रक्रियाहरु अवलम्बनन गर्नुपर्नेछ ।

क. दफा ४ बमोजिमको मापदण्ड र पूर्वाधार भएको भनी सम्बन्धित विद्यालय ब्यवस्थापन समितिको निर्णय सहित शिक्षक ब्यवस्थापन गरिदिन शिक्षा, युवा तथा खेलकुद शाखा समक्ष निवेदन दिनुपर्नेछ।

ख. विद्यालयबाट प्राप्त निवेदन मनासिव देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी स्थानीय तहले गाउँपालिका अध्यक्षस्तरीय निर्णय गरी शिक्षक ब्यवस्थापनका लागि स्थानीय तहको वेबसाइटमा कम्तिमा ७ दिनको सूचना प्रकाशन गर्नुपर्नेछ। यसरी सूचना प्रकाशन गर्दा निवेदकबाट कुनै पनि प्रकारको शुल्क लिइनेछैन ।

ग. दफा ६ (ख) बमोजिम सूचना प्रकाशनको अन्तिम म्याद समाप्त भएको ३ दिनभित्र शिक्षक छनौट समितिले शिक्षक छनौट मापदण्ड अनुसार छनौट गरी सोको जानकारी सम्बन्धित विद्यालयहरुलाई समेत दिनुपर्नेछ ।

घ. आवश्यकता अनुसार स्थानीय तहबाट छनौट शिक्षकलाई छोटो प्रकृतिको प्रशिक्षण दिन सकिनेछ ।

ङ. छनौट शिक्षकसँग स्थानीय तहले कार्यसम्पादन करार सम्झौता गर्न सक्नेछ ।

**७. शिक्षक छनौट समितिः**

यस कार्यविधि बमोजिम शिक्षक छनौटका लागि देहाय बमोजिमको एक शिक्षक छनौट समिति गठन गरिनेछ ।

(क) प्रमुख प्रशासकिय अधिकृत - संयोजक

(ख) सूचना प्रविधि अधिकृत वा सहायक कम्प्युटर अपरेटर - सदस्य

(ग) गाउँ शिक्षा शाखा प्रमुख वा निजले तोकेको शिक्षा शाखाको एकजना कर्मचारी - सदस्य सचिव

समितिको काम, कर्तब्य, अधिकार र बैठक सम्बन्धि कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

**८. शिक्षक छनौट आधारहरु** : दफा ५ (१) बमोजिम योग्यता पूरा भई निवेदन दिएका शिक्षकहरुको छनौटका आधारहरु निम्नानुसार रहनेछ ।

**(क) पहिलो खण्डः योग्यता र अनुभव (१५)**

(१) शिक्षण अनुभव -५ (समान तह र विषयमा स्थायी र स्थायी सहित २ वर्षसम्म भए ३, ३-४ बर्षसम्म भए ४ र सो भन्दा माथि भए ५ अंक)

(२) न्यूनतम शैक्षिक योग्यता - ७ (प्रथम ७, द्वितीय ५, तृतीय ३)

(३) माथिल्लो शैक्षिक योग्यता ३ (प्रथम ३, द्वितिय २, तृतीय १)

**(ख) दोस्रो खण्डः प्रयोगात्मक (१०)**

(१) भर्चुअल प्लेटफर्मको प्रयोग सम्बन्धि प्रयोगात्मक अभ्यास (१०)

**९. समय अवधि** : छनौट शिक्षकले दैनिक रुपमा कम्तिमा एक घण्टाको दरले सम्बन्धित विद्यालयमा अर्को शिक्षक ब्यवस्थापन नभएसम्मको लागि गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको समन्वयमा भर्चुअल पठनपाठन सञ्चालन हुनेछ । समयावधि सम्बन्धमा थप ब्यवस्थापन निम्नानुसार हुनेछ ।

१. छनौट भएका शिक्षकले अध्यापन गराउने मुल विद्यालयमा शिक्षा नियमावली, २०५९ को नियम (८४) ले तोके बमोजिम सामुदायिक विद्यालयको शिक्षकले हप्तामा कम्तिमा चौविस पिरियड् वा विद्यालयले विषयगत शिक्षकहरुको लागि समान रुपमा दैनिक रुपमा निर्धारण गरेको पठनपाठन समयतालिका भित्र शिक्षकको समय बचत हुन आएमा उक्त समयमा समेत मातृ विद्यालयमा उपलब्ध स्रोत र साधनको प्रयोग गरी भर्चुअल कक्षामा पठनपाठन गराउन सक्नेछन् ।

२. उपदफा (१) बमोजिम समय ब्यवस्थापन हुन नसकेमा विद्यालय समय भन्दा अगाडी वा पछाडी समेत पठनपाठन गराउन सक्नेछन् ।यसरी अध्यापन गराउने शिक्षकको समयावधिलाई पूर्वस्वीकृती सरह मानिनेछ ।

## परिच्छेद- ३

**१०. Tele Teaching शिक्षक व्यवस्थापन कोष :**

अन्नपूर्ण गाउँपालिकाले Tele Teaching शिक्षक व्यवस्थापन लगायत गाउँपालिको शैक्षिक उन्नयनको लागि एक गाउँ शिक्षा कोष खडा गर्ने सक्नेछ। उक्त कोष खडा नभइन्जेलसम्म गाउँसभाबाट

सालबसाली रुपमा विनियोजन गरेको सम्बन्धित शिर्षक र बजेटबाट कार्यान्वयन गर्न बाधा पर्ने छैन् ।

१.**पारिश्रमिक र भुक्तानी प्रक्रिया :** Tele Teaching शिक्षकको पारिश्रमिक र भुक्तानी प्रक्रिया निम्नानुसार हुनेछ ।

क. एक दिनमा एक विषयको एक पिरियड मात्र कक्षा सञ्चालन हुनेछ । प्रति पिरियड करसहित रु. ३४५ रुपैया पारिश्रमिक दिनुपर्नेछ ।

ख. मासिक रुपमा जम्मा पठनपाठन भएको अवधिको हाजिरी अभिलेख Tele Teaching सञ्चालन हुने विद्यालय प्रध्यानाध्यापकले तयार सोको अभिलेख राख्नुपर्नेछ ।

ग. अध्यापन अवधिको पारिश्रमिक सम्बन्धित शिक्षकलाई मासिक रुपमा करकट्टी गरी बैङ्क खातामा भुक्तानी गरिनेछ ।

घ. शिक्षकको पारिश्रमिक र भुक्तानी प्रक्रिया सम्बन्धी अन्य ब्यवस्था सम्झौता बमोजिम हुनेछ ।

**१२. अनुगमन तथा सुपरीवेक्षणः**

भर्चुलअ कक्षाको प्रभावकारिता सम्बन्धमा सम्बन्धित विद्यालयबाट नियमित अनुगमन तथा सुपरीवेक्षण गरी सोको जानकारी विद्यालय प्र.अ.ले स्थानीय गराउनुपर्नेछ । भने स्थानीय तहबाट समेत भर्चुअल कक्षाको अनुगमन तथा सुपरीवेक्षण गर्न सकिनेछ ।

**१३. शिक्षक छनौट समितिको बैठक** : आवश्यकता अनुसार शिक्षक छनौट समितिको बैठक बस्नेछ । तर भर्चुअल कक्षाका लागि शिक्षक छनौट गर्दाको बखत कम्तीमा २ वटा बैठक बस्नु पर्नेछ ।

**१४. बैठक भत्ता :** शिक्षक छनौट समितिलाई शिक्षक छनौट गर्दा बसेको २ (दुई) बैठकको पारिश्रमिक नियमानुसार गाउँपालिकाले उपलब्ध गराउनु पर्नेछ ।

**१५. कार्यविधि संशोधन तथा परिमार्जन सम्बन्धमा**

अन्नपूर्ण गाउँपालिकाको गाउँ कार्यपालिकाले यस कार्यविधि आवश्यक परेमा परिमार्जन तथा संशोधन गर्नेछ।

**१६. बाधा अड्काउ फुकाउ सम्बन्धी ब्यवस्था :** यस कार्यविधिको कार्यान्वयमा कुनै बाधा अड्काउ आइपरेमा सोको समाधानका लागि गाउँपालिका अध्यक्षबाट आवश्यक निर्णय गर्न सकिनेछ ।

***अनुसूची-१***

**(दफा ११ को घ सँग सम्बन्धित)**

**Tele Teaching अन्तर्गत भर्चुअल कक्षामा अध्यापन गराने शिक्षकलाई सम्झौता अनुसारको पारिश्रमिक पाउने गरी अध्यापन कार्यमा संलग्न गराउने ब्यवस्थाका लागि सम्झौता पत्र**

अन्नपूर्ण गाउँपालिका वडा नं. ....... स्थित श्री ...................................... विद्यालयमा मिति ........................... देखि अर्को ब्यवस्था नभएसम्मको लागि ............................. विद्यालयमा कार्यरत रही हाल....................................... मा बस्ने स्थायी शिक्षक श्री ............................ लाई अन्नपूर्ण गाउँपालिका Tele Teaching छनौट समितिको मिति ................. को सिफारिस बमोजिम .................... विषयको भर्चुअल कक्षाहरु अध्यापन गराउन देहायका शर्तहरु लागू हुने गरी यो सम्झौता गरिएको छ ।

**शर्तहरुः**

१. सम्बन्धित शिक्षकले Tele Teaching सञ्चाल हुने विद्यालय र भर्चुअल माध्यमबाट अध्यापन राउने शिक्षक वीचको समन्वयमा तयार भएको समयतालिका अनुसार सम्झौता अवधिभर दैनिक रुपमा एक पिरियडको सैद्धान्तिक कक्षा लिनु पर्नेछ ।

२. तोकिए बमोजिमको कक्षा लिए वापत् सम्बन्धित शिक्षकलाई रुजु हाजिरीको आधारमा सम्झौता अवधिभर प्रति विषय प्रति पिरियड करकट्टी बाहेक रु. ३०० रुपैया दरले पठनपाठन गराएको अवधिको मात्र हिसाव गरी मासिक पारिश्रमिक बैङ्क खाता मार्फत उपलब्ध गराइने छ ।

३. कक्षा दैनिक रुपमा सञ्चालन हुनेछ र आफुले पढाएको विषयको सम्पूर्ण दायित्व सम्बन्धित शिक्षकको हुनेछ ।कथं कदाचित विद्यालय बन्द भएको कारणले वा शिक्षक उपस्थित नभएको कारणले वा अन्य कारणले तोकिएको दिनमा कक्षा हुन नसकेमा कम्तिमा एक दिन अगावै सम्बन्धित विद्यालय प्रधानाध्यापक र विद्यार्थीलाई जानकारी गराउनुपर्नेछ ।

४. यस सम्झौता पत्रमा हस्ताक्षर गरेपछि सम्बन्धित शिक्षकले हाल बहाल रहेको विद्यालय बाहेकका अन्य सरकारी, सामुदायिक, गैरसरकारी, निजी संघ-संस्था वा निकायहरूमा कार्यरत रहेको छैन भनी कबुलियत गरेको मानिने छ ।

५. तोकिएको पूर्ण विषय र समयावधिभर कक्षा नलिएको अवस्थामा वा स्थानीय तहले आर्थिक व्यवस्थापन गर्न असमर्थ भएको अवस्थामा वा माथि (४) मा गरिएको कबुलियतनामा  झुट्टा ठहरेमा जुनसुकै बेला सम्झौता रद्ध हुनेछ ।

६. यस संझौता पत्रमा उल्लेख भएको बाहेक अन्य कुनै प्रकारको सेवा सुविधा गाउँपालिकाले उपलब्ध गराउने छैन ।

शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखको सिफारिस

मिति ....... को Tele Teaching शिक्षक छनौट समितिको निर्णयानुसार श्री........... बाट श्री ......विद्यालय कक्षा.........को ........ विषय (क्रेडिट र वर्किङ आवरको कोर्ष) भर्चुअल माध्यमबाट अध्यापन गराउन छनौट भइ आउनुभएकोले कार्यविधि बमोजिम निजसँग सम्झौता गरिदिन सिफारिस गरेको छु ।

दस्तखत :

नाम थर :

तह र पदः

मिति :

<u>उपर्युक्त शर्तहरु मन्जुर छ (शिक्षक)</u>

दस्तखत :

नाम थरः

ना. प्र. नं.:

मोवाइल नं.:

मिति :

मिति :

<u>कार्यालय प्रमुख</u>

दस्तखत :

नाम थरः

पदः

मितिः

कार्यालयको छाँप

राजपत्रमा प्रकाशित मिति : २०८१।०५।१२

आज्ञाले

अमृत सुवेदी

प्रमुख प्रशासकीय अधिकृत